# नेपाल सरकार

# कृषि विकास मन्त्रालयका प्रतिबद्धताहरु – २०७२

नेपाल अहिले ईतिहासकै विषम परिस्थितिमा छ। एकातिर २०७२/१/१२ मा गएको शक्तिशाली भूकम्प तथा त्यसका पराकम्पनहरुबाट देशको भौतिक, आर्थिक तथा सामाजिक अवस्था जर्जर भएको र अर्कोतर्फ विद्यमान अघोषित नाकाबन्दीले देशको अर्थतन्त्र थप सिथिल हुदै गईरहेको सन्दर्भमा सरकारले तर्जुमा गरेका कार्यक्रमहरुबाट जनताको अर्थिक अवस्थामा सुधार ल्याउने लक्ष हासिल गर्ने कार्य चुनौतीपूर्ण बन्दै गईरहेको छ। साथै कृषि उत्पादनको प्रमुख र उर्वर भुमि रहेको तराई क्षेत्रमा चलिरहेको विद्यमान बन्द हड्तालले कृषि उत्पादनका आधारभुत उत्पादन सामाग्रीहरु बिउ तथा मलको सहज वितरण हुन नसक्दा कृषि उत्पादन तथा उत्पादकत्वमा ह्रास आउने निश्चितप्रायः छ। यसले गर्दा समग्र कृषि क्षेत्रको बृद्धिदर चालु वर्षमा १ प्रतिशतमा सिमित हुने आंकलन गरिएको छ । यस सन्दर्भमा ब्यावसायिक र दिगो कृषि मार्फत उच्च र फराकिलो आर्थिक बृद्धिदर हासिल गर्न तथा सिमान्तकृत किसानहरुको जिविकोपार्जन सुरक्षित गरी खाद्य तथा पोषण सुरक्षा सुदृढ गर्न जरुरी हुन्छ ।

उत्पादनका साधनको रुपमा रहेको प्रचुर जमिन र दुई तिहाई उत्पादक शक्तिको रुपमा रहेको किसानलाई जोडेर उत्पादन वृद्धि गरी राष्ट्रिय पुँजीको सिर्जना गर्न सकिन्छ। यसका लागि कृषिको व्यवसायीकरण, आधुनिकीकरण तथा औद्योगिकीकरण गर्दै कृषिजन्य वस्तुमा आत्मनिर्भर बनाउँदै आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धन गरी समाजको अग्रगामी रुपान्तरणको दिशामा अघि बढ्नु आजको टड्कारो आवश्यकता बनेको छ। यसो गर्दा सिमान्तकृत र साना उत्पादक किसानहरु लाभान्वित हुन अनिवार्य छ । विद्यमान संरचना, कार्यपद्धति, परम्परा, संस्कार, आदत र मान्यताहरु पुरानै रहिरहेमा नयाँ संविधानले परिकल्पना गरेको कृषि विकासको आवश्यकता पूरा गर्न सम्भव हुँदैन । यसका लागि सम्बद्ध सबै पक्षहरुले नयाँ सन्दर्भ अनुरुप कार्यशैली र आचरण बदल्न नितान्त आवश्यक छ । सकारात्मक परिबर्तन आफैबाट सुरुवात गर्ने प्रतिबद्धता सहित तत्कालिन, अल्पकालिन र दीर्घकालिन विषयहरुलाई केन्द्रमा राखेर नेपाल सरकार कृषि विकास मन्त्रालयले निम्न नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ ।

१. २०७२ साल मंसिर ४ गते कृषि विकास मन्त्रालयले शुभारम्भ गरेको र मुलुकको कृषि विकासको मार्गदर्शन र  साझा दस्तावेजको रुपमा रहेको कृषि विकास रणनीति (ADS) नेपालको नयाँ संबिधानको भावना अनुरुप कार्यान्वयन गरिनेछ ।

२. भूकम्प प्रभावित किसानको खाद्य तथा पोषण सुरक्षा सुदृढ गर्न तथा उनीहरुको कृषि प्रद्धत्त जिविकोपार्जन पुनस्थापना गर्न अनुदानमा गाई, कृषि औजार तथा उपकरण, रासायनिक तथा प्राङ्गारिक मल, उन्नत विउविजन तथा बेर्ना वितरण गरिनेछ। उक्त स्थानहरुमा सामुदायिक विउ भण्डारण घर, पशुपालनका लागि पूर्वाधार र गोठहरुको स्थापना तत्काल गरिनेछ। भुकम्प प्रभावित क्षेत्रमा सहूलियत ऋण प्रदान गर्नुका साथै तालिम र अनुदानसहितको युवा लक्षित कार्यक्रम सञ्चालन एवम् क्षतिग्रस्त भएका कृषि विकास तथा अनुसन्धानका पुर्वाधारहरुको तत्काल पुनरनिर्माण गरिनेछ।

३. कृषि विकासका नीति तथा कार्यक्रमहरु तर्जुमा, कार्यान्वयन तथा अनुगमन मुल्याङ्कनमा केन्द्रीय तहदेखि स्थानिय तहसम्म किसानहरुको सहभागिता सुनिश्चित गरी कृषि विकासलाई दिगो बनाउँदै किसानका हकहित र अधिकारलाई सुनिश्चित गर्न राष्ट्रिय किसान आयोग गठन गरिनेछ।

४. कृषि विकासका कार्यक्रमहरु छरिएर प्रतिफलमुखी नभएको भन्ने गुनासाहरु आईरहेको सन्दर्भमा कृषि विकासका युवा लक्षित कार्यक्रम, मिसन कार्यक्रम लगायतका सबै कार्यक्रमहरुलाई एकत्रित गरी सञ्चालन गर्नुका साथै यसको प्रभावकारी अनुगमन र मूल्याङ्कन गरिनेछ।विगत ३ महिना भन्दा बढि समयदेखि तराई मधेशमा भईरहेको बन्द हड्तालका कारण प्रभावित धान, मकै, माछा, तेलहन, दलहन, तरकारी लगायतका मिशन कार्यक्रम एवं युवा लक्षित अनुदानका कार्यक्रमलाई मन्त्रालय र विभागका कर्मचारी समेत खटाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न तत्काल पहल गरिनेछ।

५. प्रत्येक जिल्लामा १ देखि ३ वटासम्म अधिकृतस्तरका कर्मचारीबाट सञ्चालन हुने सेवा केन्द्र तत्कालै सञ्चालनमा ल्याइनेछ । अधिकृतस्तरका सेवा केन्द्रबाट प्रवाह गरिने सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन ती सेवा केन्द्रलाई क्रमशः श्रोत साधन सम्पन्न बनाउँदै लगिनेछ । सेवा केन्द्रमा खटाइएका प्राविधिक कर्मचारीहरुबाट उत्पादन क्षेत्रमा कृषकहरुलाई अधिकतम सेवा प्रवाह हुने वातावरण निर्माण गरिनेछ । उनीहरुको कार्यसम्पादनको मूल्यांकन कार्य क्षेत्रमा भएको उत्पादन एवम् उत्पादकत्व वृद्धिको आधारमा गरी यथोचित प्रोत्साहनको ब्यवस्था मिलाईनेछ । आगामी आर्थिक वर्षदेखि सेवा केन्द्रलाई बजेट कार्यक्रम सञ्चालनको अख्तियारी दिने व्यवस्था गर्न पहल गरिनेछ। क्षेत्रिय निर्देशनालयलाई सेवा केन्द्र मार्फत सञ्चालित कार्यक्रमको अनुगमन र मूल्यांकन गर्न लगाइनेछ।

६. कृषि विकास रणनीतिमा उल्लेखित ब्यवस्था अनुसार कृषि प्रसार सेवालाई सहज र सरलरुपमा कृषकको घर आँगनमा पुर्याउन सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना गरिनेछ । तत्कालका लागि ३००० गाँउपालिकामा कम्तिमा १ जना कृषि/पशु प्राविधिकको ब्यवस्था मिलाईनेछ।

७. सबै किसानहरुलाई एकै प्रकारको सेवा, सुविधा र अनुदान दिने विद्यमान व्यवस्थाले साना तथा सिमान्तकृत किसानहरु नसमेटिएकाले किसानहरुलाई ब्यावसायिक, निर्वाहमुखी, सिमान्तकृत/भूमिहीन र कृषि मजदुर गरी ४ समुहमा  बर्गिकरण गरी किसान परिचयपत्र वितरण गरिनेछ । नेपाल सरकारबाट प्रदान गरिने अनुदान, सेवा र सहुलियत किसानको बर्गिकरणका आधारमा प्रदान गरिनेछ।

८. कृषिमा दक्ष जनशक्ति तयार गर्न तालिमको परम्परागत ढाँचामा परिवर्तन गरी यसलाई परिणाममुखी बनाउन कृषि उत्पादनमा संलग्न किसानहरुलाई मात्र सम्बन्धित विषयको विशेष तालिम विभिन्न स्तरमा अभियानको रुपमा सञ्चालन गरिनेछ । कम्तिमा एक वर्ष कृषि पेशामा संलग्न हुने शर्तमा मात्र नयाँ व्यक्ति मुख्यतः युवाहरुलाई तालिममा सहभागी गराइनेछ । यो शर्त पालन नगरेमा तालिम खर्च असुलउपर गरिनेछ। कृषि वा पशु प्राविधिकहरुलाई समेत देश वा विदेशमा विशेष पुनर्ताजगी तालिम प्रदान गरिनेछ।

९. जलवायू परिबर्तन, प्राकृतिक प्रकोप, रोगब्याध वा दुर्घटनाबाट कृषि ब्यवसायमा हुन जाने क्षतिलाई परिपुर्ति गर्न कृषि विमालाई सरल, सहज र किसानमुखी बनाई अभियानका रुपमा अघि बढाईनेछ। साथै कृषि विमा कृषि व्यवसायबाट प्राप्त हुन सक्ने न्यूनतम प्रतिफलका आधारमा गरिने ब्यवस्था मिलाईनेछ। बिमामा ७५ प्रतिशत सरकारको अनुदान हुने भएकाले गाउँमा रहेका विपन्न किसानसम्म यो सेवा पुर्याउन विशेष अभियान सञ्चालन गरिनेछ । कृषि ऋण र अनुदान प्राप्त गर्नका लागि बिमा अनिवार्य गराइने व्यवस्था मिलाइनेछ।

१०. ब्यावसायिक कृषि उद्यममा लगानीको सुनिश्चतता गर्न चालु परियोजना धितो राखी ऋण प्रवाह गर्ने ब्यवस्था मिलाउन पहल गरिनेछ । साथै कृषि ऋणमा प्रदान गरिने ब्याज अनुदान दिने कार्यक्रमलाई प्रभावकारी रुपमा सहजिकरण गरिनेछ। नेपाल राष्ट्र बैंकको नियमानुसार बाणिज्य बैंकहरु तथा वित्तिय संस्थाबाट कृषि क्षेत्रमा लगानि हुनु पर्ने (तोकिएको प्रतिशत) रकम कृषि क्षेत्रमा कडाईका साथ लगानि हुने ब्यवस्थाका लागि पहल गरिनेछ । साथै किसानहरुलाई कृषि व्यवसाय गर्न आवश्यक पर्ने कृषि ऋणको सहज ब्यवस्था गर्न किसानहरुकै सहभागिता र स्वामित्व रहने गरी किसान बैंक स्थापना गर्न पहल गरिनेछ।

११. कृषि प्रविधी र ज्ञानको प्रसारलाई प्रभावकारी रुपमा कृषक समक्ष पुर्याउन इलेक्ट्रोनिक सहित सबै मिडिया उपयोग गरिनेछ । साथै किसानहरुको तर्फबाट आउने समस्या समाधानका लागि किसान कल सेन्टर मार्फत् 'हेलो कृषि' कार्यक्रम सञ्चालन गरिनेछ । साथै कृषि विश्व विद्यालयहरु तथा क्याम्पसहरुबाट कृषि अनुसन्धान, प्रसार सेवा तथा प्रयोगशाला सेवा प्रवाह गर्न साझेदारीमा कार्यक्रम सन्चालन गरिनेछ।

१२. कृषि उपजहरुको बजारीकरणलाई किसान मैत्री तथा प्रभावकारी बनाउन मुख्य मख्य कृषि उपजहरु जस्तै धान, मकै, गहुँ र उखु आदि जस्ता कृषि उपजहरुको न्यूनतम समर्थन मुल्य तोक्ने ब्यवस्था मिलाईनेछ । बजार मूल्य न्यूनतम समर्थन मूल्य भन्दा कम भएमा सरकारले उपज खरिद गर्ने र प्रशोधन गरी वितरण गर्ने कार्यका लागि पहल गरिनेछ।

१३. कृषि पेशालाई मर्यादित बनाउन तथा कृषकहरुको आर्थिक अवस्थालाई सवल वनाउन सहभागितामा आधारित किसान पेन्सन वा किसान सुरक्षा भत्ताको ब्यवस्था मिलाउनुपर्छ । यस ब्यवस्थाका लागि किसान सुरक्षा कोषको ब्यवस्था गरिनेछ।

१४. कृषि उत्पादन सामाग्रीको आपुर्ति ब्यवस्थालाई सहज र सुलभ बनाउन रासायनिक मल कारखाना स्थापना गर्न अविलम्ब सम्भाव्यता अध्ययन गरिनेछ । प्रांगारिक मलको उत्पादन र वितरणलाई व्यापक बनाइनेछ।

१५. कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न तराईमा स्यालो तथा डिप ट्यूववेल तथा मध्य पहाडका नदी तथा खोलाका खोंच तथा किनाराहरुमा रहेका कृषि भूमिमा सिंचाई सुविधा प्रदान गर्न अभियानका रुपमा साना लिफ्ट सिंचाई परियोजना संचालन गरिनेछ। साथै पहाडी भूभागमा आकाशे पानी संकलन गर्न अभियानका रुपमा ठूला तथा साना परम्परागत वा प्लाष्टिक पोखरीहरु जनसहभागिता र अनुदानमा निर्माण गरिनेछ।

१६. बैदेशिक सहायतामा सन्चालित आयोजनाहरुलाई राष्ट्रिय आवश्यकता तथा कृषकहरुको मागका आधारमा तर्जुमा गरी उक्त आयोजनाहरुबाट कृषकहरुलाई सेवा प्रदान गर्ने प्रकृयालाई सरलीकृत गर्ने उपायहरुको अवलम्बन गरिनेछ।साथै कृषि क्षेत्रमा बैदेशिक सहायता तथा विकास साझेदार मार्फत सन्चालन हुने आयोजनाहरुलाई एकद्वार प्रणाली मार्फत ब्यवस्थापन हुने ब्यावस्था मिलाईनेछ।

१७. नेपालको सम्बिधानले परिलक्षित गरेको राज्यको पुनरसंरचना बमोजिम कृषि विकास, कृषि प्रसार तथा कृषि अनुसन्धानका संरचनाहरुलाई कार्यदल बनाई पुनरसंरचना गरिनेछ । कृषि, वन, सिंचाइ, उर्जा र गरिबी निवारण तथा सहकारी मन्त्रालयबीच समन्वय कायम गरिनेछ। कृषि तथा वन विश्वविद्यालयलाई कृषि मन्त्रालय अन्तर्गत राख्न पहल गरिनेछ । कृषि विकास रणनीतिले परिकल्पना गरे बमोजिम कृषि प्रसार सेवा, कृषि अनुसन्धान सेवा तथा कृषि शिक्षालाई बिकेन्द्रकरण गरिनेछ।

१८. कृषि अनुसन्धानलाई नेपाली कृषकको माग र आवश्यकताका आधारमा किसानको सहभागितमा सन्चालन गरिनेछ। अनुसन्धान र विकासलाई एकीकृत रुपमा अघि बढाइनेछ। बर्णशंकर विउ/नश्ल तथा टिस्यूकल्चर प्रविधिबाट उन्नत जात उत्पादनमा जोड दिइनेछ । कृषि

अनुसन्धानबाट हासिल भएका उपलब्धिहरुलाई किसान समक्ष सुलभ र सरलरुपमा प्रवाह गर्न प्रभावकारी उपायहरुको अवलम्बन गरिनेछ।

१९. खाद्य स्वच्छता सुनिश्चित गर्न तथा आर्थिक दृष्टिकोणले महत्वपुर्ण मानिएका पशुपंक्षीका सिमाविहिन र जुनोटिक रोगहरुको सर्भलेन्स, पहिचान तथा रोकथामलाई प्रभावकारी बनाउन प्रयोगशालाहरुको स्तरोन्नती तथा विस्तारका कार्यक्रमहरु सन्चालन गरिनेछ। साथै त्रिपुरेश्वरमा रहेको केन्द्रीय पशु चिकित्सालयलाई अत्याधुनिक तथा अन्तराष्ट्रियस्तरको चिकित्सालयको रुपमा विकास गरी २४सै घण्टा सन्चालन गर्ने ब्यवस्था मिलाईनेछ। पशु चिकित्शा सेवालाई आकास्मिक सेवाका रुपमा विस्तार गर्न आबश्यक पहल गरिनेछ।

२०. किसानले उत्पादन गरेको दूध निर्वाध संकलन गरी उपभोक्तालाई उपलब्ध गराउन दूग्ध विकास संस्थान मार्फत् उत्पादक किसानको परिचयपत्र र पशुको विवरण बनाई अन्तरराष्ट्रिय मापदण्ड अनुरुप गुणस्तर कायम गरिनेछ। साथै दूधबाट पाउडर, शिशु आहार र अन्य परिकार निर्माण गर्ने उद्योग सञ्चालनमा ल्याई मिल्क होलिडे हुने अवस्था अन्त्य गरिनेछ।

२१. कृषि क्षेत्रको ब्यवसायीकरण तथा औद्योगिकरण गर्नका लागि खाद्यान्न, तरकारी, फलफूल, पुष्प, पशुपंक्षीजन्य उत्पादन लगायत कृषि उपज भण्डारण घर तथा प्रशोधन केन्द्रहरु, सामुदायिक विउ भण्डारण घर, मल गोदाम भण्डारण, चिस्यान केन्द्रहरु निजिक्षेत्र तथा कृषि सहकारीहरुसंगको साझेदारीमा सन्चालन गरिनेछ । कृत्रिम गर्भाधानलाई व्यापक बनाई नश्ल सुधारलाई प्राथमिकतामा राखिनेछ । साथै मकै, कोदो, जौ, फपर, दलहन, कागुनो, चिनो लगायत कृषिजन्य, पशुपंक्षीजन्य तथा दुधजन्य उत्पादनलाई औद्योगिक उत्पादनहरुसंग जोड्ने गरी निजि क्षेत्रसंग साझेदारीमा कृषि उद्योगहरु स्थापना तथा सन्चालन गरिनेछ । प्रयोगशाला सेवा तथा प्रमाणीकरण सेवालाई सुदृढ गरी कृषि उपजहरुको निर्यात प्रबर्द्धन गरिनेछ ।

२२. नयाँ संविधान अनुरुप खाद्य संप्रभुता ऐन, कृषि बजार ऐन, अनुबंश शंरक्षण ऐन लगायतका कृषि विकासका लागि आवश्यक ऐन नियमहरु तर्जुमा गरिनेछ।साथै पशु बद्यशाला तथा मासु जाँच ऐन तथा नियमावली प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

२३. सञ्चालनमा रहेका कृषि बजारलाई व्यवस्थित गर्न र नयाँ कृषि बजार पूर्वाधार तयार गर्न पहल गरिनेछ। कृषि उपजको बजारीकरणलाई प्रभावकारी बनाउन कृषि बजार ऐन ल्याई यथाशक्य छिटो कार्यान्वयनमा ल्याउन पहल गरिनेछ।

२४. खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूत गर्न र खाद्य अभाव हुन नदिई चामल आयात गर्नुपर्ने विद्यमान व्यवस्थाको अन्त्य गर्न जनताको खानपिन र आहार प्रणालीलाई बैज्ञानिक बनाउन अभिप्रेरित गरिनेछ।

२५. विषादिहरुको असन्तुलित र अनियन्त्रित प्रयोग तथा त्यस्ता उत्पादित वस्तुहरुको उपभोगले जनस्वास्थ्य र पर्यावरणमा गम्भीर असर पर्ने हुनाले यसको नियन्त्रण गर्न ठोस योजना निर्माण गरी कार्यान्वयनमा ल्याइने छ । एकीकृत बाली संरक्षणको कार्यक्रमलाई प्रोत्साहन गरी दीगो कृषि तथा जैबिक बिबिधतामा आधारित कृषि प्रणालीलाई प्रर्वद्धन गरिनेछ।

२६. खाद्य अभाव तथा खाद्य संकट हुने अवस्था रहेको, उर्वर कृषि भुमीको प्रयोग हुन नसकेको तथा कृषि भूमि गैह्र कृषि क्षेत्रमा प्रयोग भईरहेको सन्दर्भमा भूउपयोग नीतिको प्रभावकारी कार्यान्वयन र जग्गा बाँझो राख्न नपाईने ब्यवस्थालाई कडाईका साथ लागु गर्ने ब्यवस्था मिलाईनेछ। साथै लामो समयमा बाँझो जग्गा राखेमा सरकारबाट करारमा लिई खेति गर्न प्रोत्साहन गर्ने ब्यवस्था मिलाईनेछ।

२७. कृषि उत्पादन तथा विकासको विशिष्ट कार्यक्रमः–

आगामी दुई वर्षभित्रमा देशलाई कृषिमा आत्मनिर्भर मात्र होइन, निर्यात समेत गर्न सक्ने बनाउन, युवा जनशक्तिको विदेश पलायन रोक्न र व्यवसायिक कृषि प्रबद्र्धन गर्नका लागि नेपालभरि १००० देखि १५०० सम्म विशिष्ट बालीको पकेट क्षेत्र अर्थात् एक इलाका एक उत्पादन केन्द्रको अवधारणा अनुरुप शुरुमा कम्तिमा ५०० वटा बृहत कृषि उत्पादन केन्द्र/ब्लक उत्पादन केन्द्र/नमुना फार्म निर्माण गरिनेछ । यसका लागि यसै आ.व. मा सबै तयारी पूरा गरी आगामी आ.व.२०७३।०७४ मा ठोस कार्यक्रम क्रमशः लागू गरिनेछ ।

- बिशेष उत्पादन केन्द्र (पकेट क्षेत्र) मा सार्वजनिक, सहकारी र निजी उद्यमीको लगानी क्रमशः २०, ४०, ४० प्रतिशत लगानि हुने ब्यबस्था मिलाईनेछ।
- कृषि प्राविधिक तथा कृषि स्नातक तथा अवकाशप्राप्त कृषि विज्ञ उत्पादन केन्द्रमा सहभागी गराईने छ ।
- बिशेष उत्पादन केन्द्र स्थापना गर्न भूउपयोग नीति अनुरुप जमिन वर्गीकरण गरी कृषिका लागि छुट्याइएको जमिन लिजमा लिन सकिने कानून निर्माणमा पहल गरिनेछ ।
- उत्पादन केन्द्रमा कृषि सडक, विद्युत्, सिचाइ, सूचना तथा संचार लगायतका पूर्वाधार तयार गरिनेछ ।
- हरेक विशिष्ट उत्पादन केन्द्र वरिपरिका हजारौं निजी उद्यमी र साना किसानहरुलाई उक्त कृषि केन्द्रसँग जोडेर उत्पादनमा सरिक गराई गाउँमा विद्यमान लुकेको बेरोजगारीको समस्या हल गर्न उनीहरुलाई पकेट क्षेत्रका फर्ममा कार्य घन्टाका आधारमा पारीश्रमिक दिई काम लगाउने

ब्यवस्था मिलाईने छ । पकेट क्षेत्र आसपासका साना किसानहरुको लागि उत्पादनमा प्रयोग हुने सबै प्राविधिक सेवा र कृषि सामाग्रीहरु फर्म मार्फत् उपलब्ध गराईने छ । निजी किसानहरुले उनीहरुको उत्पादन सम्बन्धित उत्पादन केन्द्रलाई बिक्री गर्नेछन्

- उत्पादन केन्द्र आसपासका विशिष्ट उत्पादनमा संलग्न किसानहरुलाई अनुदान दिइनेछ । यसैगरी उत्पादन केन्द्र निर्माण गर्ने सहकारी, निजी कम्पनिलाई वरिपरिका किसानहरुलाई सेवा प्रदान गरे बापत एकमुष्ट अनुदान दिइनेछ ।
- उत्पादन केन्द्रमा १ जना नेपाल सरकार, एक जना सम्बन्धित संस्थाको प्रतिनिधि र एक जना दक्ष तथा अगुवा किसान समेत सम्मिलित समिति बनाई विभिन्न पक्षबीच समन्वय गरेर उत्पादन प्रभावकारी र व्यवस्थित गरिनेछ । यसलाई अनुसन्धान केन्द्रको रुपमा पनि सञ्चालन गर्न सकिनेछ ।
- उत्पादन केन्द्रमा कृषक र कृषि मजदुरलाई काममा लगाउँदा विशेष व्यवस्था गरी कृषि पेशालाई मर्यादित बनाइनेछ ।

नेपालका दुई तिहाई जनसंख्याको जिविकोपार्जनको श्रोत तथा नेपालको अर्थतन्त्रको मेरुदण्डका रुपमा रहेको कृषि क्षेत्रको विकासबाट दिगो र उच्च आर्थिक विकास हासिल गर्न यस क्षेत्रको लागि प्रर्याप्त लगानि आवश्यक छ।कृषि विकासका आधारभुत पुर्वाधारहरुको विकास हुन नसकेको सन्दर्भमा कृषिको ब्यावसायिक तथा औद्योगिक रुपान्तरणका लागि र आम जनताको खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न मन्त्रालय अन्तरगतका विभिन्न कार्यक्रमहरुको संयोजन र प्रभावकारी कार्यान्वयनद्वारा खाद्यान्न, तरकारी, फलफुल, तेलहन, दलहन, माछा, मासु, दुध, अण्डा, पुष्प र मह लगायतका कृषि उपजहरुमा आत्मनिर्भर हुँदै जस्तो सुकै विषम परिस्थितीमा पनि खाद्यान्न अभाव हुन र खाद्य संकटको अवस्था आउन नदिन ठोस कार्ययोजना बनाईनेछ।उक्त कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट उत्पादन र रोजगारी सृजना गर्नुका साथै ग्रामिण क्षेत्रमा सेवामूलक सानासाना बजार र शहर निर्माण हुने अवस्थाको श्रृजना हुनेछ, जसले गर्दा शहर केन्द्रित वर्तमान आवादीको चापलाई केही कम गर्न मद्दत गर्नुका साथै किसानहरुको जिवनस्तरमा सुधार ल्याई गाउँ र शहर बीचको अन्तरलाई न्यूनिकरण गरी हामी सवैले परिकल्पना गरेको नयाँ नेपाल निर्माण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

**धन्यवाद**

हरिबोल प्रसाद गजुरेल
मन्त्री
कृषि विकास मन्त्रालय
२०७२/८/१३